



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार १८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 02 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०४

## श्रीसियाको बाढीले वीरगंजका वडाहरू डुबानमा

प्रस, वीरगंज, १७ असार/

श्रीसिया खोलामा आएको बाढीले महानगरका थुप्रै वडा डुबानमा परेका छन् ।

निरन्तरको वर्षाले श्रीसिया खोलामा बुधवारदेखि पानीको सतह बढी वडा नं १, २, १०, ११, १३, २२, २५ वडाका छपकैया, आदर्शनगर, रानीघाट, श्रीपुर, अशोकवाटिका, नयाँबस्ती, राधेमाई टोलका केही बस्ती डुबानमा परेका छन्।

पानीको बहाव बढेर अशोकवाटिकाबाट ज्योतिनगर जाने पक्की पुलसम्म पानी बढेको जिल्ला प्रशासन कार्यालय, पर्साका निमित्त प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए । उनले श्रीसियामा हिजोदेखि पानीको बहाव बढेको र पुललाई क्षति नहोस् भनेर सतर्कता अपनाइएको बताए। आज पनि सो स्थलमा प्रहरी प्रशासनको टोली पुगेर अनुगमन गरेको थियो ।

*प्रस, भिस्वा/*

ओरिया नदीमा आएको बाढीले छिपहरमाई, पकाहामैनपुर गाउँपालिकामा ठूलो क्षति गरेको छ। छिपहरमाई गापाको भिस्वा, जयमङ्गलापुर, भिस्वा–सबैठवा, भिस्वा–टिउकी जाने सडकखण्डमा कतै डुबान छ भने कतिपय ठाउँमा कटान भएको छ, जसले गर्दा सडक सम्पर्क विच्छेद भएको छ । यसैगरी, पकाहामैनपुर गापाको धोबियाटोल, खेस्राहा, सबैठवा गाउँका खेत जलमग्न छन्। यो वषाले धानबालीलाई ठूलो क्षति पुगेको छ । भरखरै रोपाइँ गरेको धानबाली जलमग्न भएका छन् । सयौं बिघा खेत डुबानमा परेको स्थानीयले बताएका छन् । सम्भौता, भिस्वा, तुलसीबर्वामा खेत जलमग्न भएर बाढीको पानी गाउँ पस्ने खतरा बढेको छ । सीमावर्ती भारतको सिकटामा रहेको एसएसबीको क्याम्प पनि डुबानमा परेको छ । त्यहाँका सामानलाई एसएसबीले अन्यत्र सारेको छ ।

ओरिया खोलाको कारण कालिकामाई गापा–५ सिमरटोलामा भर्खरै बनाइएको ढलान सडकलाई क्षति पुगेको छ । एक ठाउँमा ढलान सडकको बीच भाग नै कटान भएर अहिले सो बाटोमा आवतजावत ठप्प भएको छ ।


छ । सडक कटान भएको छ र झोलुङ्गे पुल जाने बाटो अवरुद्ध भएको छ । सिकटा नदीको बाढीले मधुवाहा, झकरा मसिहानीका खेत र बस्ती डुबानमा परेका छन् ।

विन्ध्यवासिनी गापा–५ रामनगरी, गर्दौल अन्तर्गतको उत्तरतर्फ डुबान छ। ढङ्गरी खोलामा आएको बाढीले यो क्षेत्र प्रभावित भएको हो ।

*प्रस, पोखरिया/*

पोखरिया नगरपालिकाको वडा नं ३ वसन्तपुर, वडा नं ८, ९, १० धुतहा खोलाको बाढीले प्रभावित भएका छन्। यी वडाका खेतमा बाढीको पानीले क्षति पुऱ्याएको छ ।

थोरै मात्र किसानले धान रोपाइँ गरेको कारण यहाँ धानबालीलाई खासै क्षति पुगेको छैन तर खेत जलमग्न छ। जगरनाथपुर गापाको सुपुर पूर्ण डुबानमा



वीरगंजको श्रीसिया नदीछेउछाउमा रहेका टोलहरू डुबानमा परेको दृश्य । तस्वीरः प्रतीक



जलमग्न छिपहरमाई गाउँपालिका । तस्वीरः प्रतीक

बाढी, पहिरो, डुबानको जोखिम भएका बस्तीहरूको अवस्थितिबारे स्थानीय र जिल्ला तहका विपद् जोखिम न्यूनीकरण समितिहरूलाई जानकारी गराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## वर्षा र हावाहुरीले चैते धानमा क्षति

प्रस, सिम्रौनगढ, १७ असार/

अविरल वर्षाको कारण सिम्रौनगढ र वरिपरि लगाइएको चैते (दुतरा) धानमा ठूलो क्षति भएको छ । सिम्रौनगढ, बङ्कुल, पचरौता, बेलदारी, आदर्शकोतवाल, कोल्हवी, बरियारपुरलगायतका क्षेत्रमा गरिएको चैते धान पानी र हावाहुरीको कारण क्षति पुगेको हो ।

हजारौं बिघामा लगाइएको चैते धान पानीको कारण कुहिने अवस्थामा पुगेको छ। किसानहरूले खेतको पानी निकाल्न कुलो बनाइरहेका छन्। जसको कारण केही मात्रामा चैते धानलाई क्षति कम हुने किसानहरूको अनुमान छ। तयारी भएका चैते धान बचाउन यो उपाय अवलम्बन गरिए पनि तयारी अवस्थामा रहेको चैते धान नसकिएको सिम्रौनगढ बजारका कृषक नागेन्द्र पडितले बताए।



हावाहुरी र वर्षाले क्षति पुऱ्याएको धानबाली । तस्वीरः रामेश्वर मेहता

यो क्षेत्रका ९० प्रतिशत किसानले बिजी १४४४२ जातको धान लगाएका छन् । फागुनदेखि चैतसम्म यो धान लगाइन्छ। यस क्षेत्रका २० प्रतिशत किसानले मात्र चैते धान भित्र्याएका छन् बाँकी ८० प्रतिशत किसानले ढिलो गरेकोले धानबालीमा हावाहुरी, पानीले क्षति पुऱ्याएको छ ।

## जिल्ला समन्वय समितिको मरम्मत कसले गरिदिने ?

राधेश्याम पटेल, परवानीपुर, १७ असार/

कुनै बेला मालदार जिल्ला विकास समिति अहिले जिल्ला समन्वय समितिमा परिणत भएपछि बेसहारा बनेको छ । थोरै बजेट र समन्वय मात्र गर्ने अधिकारले गर्दा कार्यालयले गरीब र कमजोर भनी पहिचान पाउन थालेको छ ।

न धेरै बजेट, न कर्मचारी, चहलपहल छैन, त्यसमाथि बर्खामा डुबानको समस्या । जिल्ला समन्वय समिति, पर्सा अहिले डुबानको समस्याबाट ग्रसित छ । बर्खा र नालाको पानी कार्यालयमा पसेर, काम गर्नु टाढा, बस्न पनि असहज बनाएको छ। निमित्त जिल्ला समन्वय अधिकारी छविरमण भट्टराईले बजेट अभावले गर्दा यस्तो समस्या सृजना भएको बताउँछन् ।

उनले कार्यालय सञ्चालनको लागि तीनवटै सरकारले चासो नदिएको गुनासो गरेका छन् । "कार्यालय पूर्ण जीर्ण भइसकेको छ, बर्खामा पानी चुहिन्छ, सिलिङबाट सिमेन्टको डल्ला खस्छ"– उनले भने–"एक घण्टा पानी पऱ्यो भने सबै कोठामा दुई फिट पानी जम्छ ।" यस्तो अवस्थामा काम गर्न निकै कठिनाई सहनु परेको उनी बताउँछन् ।

समन्वय समितिकै कार्यालय परिसरमा रहेको भूमि सम्बन्धी आयोगको जिल्ला कार्यकक्षमा पनि पानी पसेको छ। सरकारले कार्यालय सञ्चालन खर्च, कर्मचारी तथा पदाधिकारीको तलब–भत्ता मात्र पठाउने गरेकोले कार्यालय मरम्मत तथा निर्माण गर्न नसकिएको समन्वय अधिकारी भट्टराईले बताए ।

प्रदेश २ का आठ जिल्लामा केही जिल्लामा नयाँ भवन निर्माण भए तापनि पर्सामा जिविसको पुरानै भवनममा काम गर्नुपर्दा समस्या भएको कर्मचारीहरू बताउँछन् । जिल्ला समन्वय समितिमा अहिले कार्यालय प्रमुखमा उपसचिव, शाखा अधिकृत, नायब सुब्बा, लेखापाल, खरिदार, इन्जिनीयर, सब–इन्जिनीयर १–१ जना, कार्यालय सहयोगी र चालक ३–३ जना गरी कुल १३ जना कर्मचारी छन् ।

जिल्ला समन्वय समितिले जिल्लामा लाग्ने खोलाको टेन्डरमा अनुगमन, सङ्घीय सांसदको वार्षिक ४ करोडको बजेट खर्चको लागि योजना छनोटलगायत काम मात्र गर्ने गरेको छ ।



डुबानमा परेको जिल्ला समन्वय समिति कार्यालय । तस्वीरः प्रतीक

**वीरगंज सोलार पिभी प्रोजेक्ट (७ मे.वा.) आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति २०७८/०३/१८)**

प्रदेश नं. २ अन्तर्गत पर्ने बारा जिल्लाको विश्रामपुर गाउँपालिकामा कान्तिपुर इनर्जी इन्भेस्टमेन्ट एन्ड कन्स्ट्रक्शन प्रा.लि., नक्साल, काठमाडौंद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

**आयोजनाहरूको नामः वीरगंज सोलार पिभी प्रोजेक्ट (७ मे.वा.)**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | कान्तिपुर इनर्जी इन्भेस्टमेन्ट एन्ड कन्स्ट्रक्शन प्रा.लि.<br>नक्साल, काठमाडौं, वाग्मती प्रदेश, नेपाल |
| प्रस्तावको बेहोरा | सौर्य विद्युत् आयोजना |
| प्रभाव पर्न सक्ने जिल्ला/नपा/गापा | बारा जिल्ला, विश्रामपुर गाउँपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न सो स्थानको गापा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी रायसुझाव उपलबध गराइदिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः | कान्तिपुर इनर्जी इन्भेस्टमेन्ट एन्ड कन्स्ट्रक्शन प्रा.लि. |
| प्रस्तावकको नाम र ठेगानाः | नक्साल, काठमाडौं, वाग्मती प्रदेश, नेपाल फोनः ०१–४४१७८९८, ९८४१७५५५७८<br>ईमेलः keicpl996@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | अजन्ता सोलुसन्स प्रा.लि.<br>बिजुलीबजार, काठमाडौं–११, वाग्मती प्रदेश, नेपाल, फोनः ९८५१००२००६<br>ईमेलः ajantasolutions2017@gmail.com |

## विचारसार र सूक्तिहरू

**पहिले तीनवटा मात्र रोग थियो– इच्छा, भोक र शरीरको क्षय । तर मानिसले भोजनका लागि पशुवध गर्न थालेपछि सयौं रोगले आक्रमण गर्न थाल्यो । –महात्मा बुद्ध**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: www.prateekdaily.com


# पर्सामा डुबान क्षेत्र थपियो

**वर्षा भरखर शुरू भएको छ । असार १५ आसपासको अवधि खेती गर्न योग्य मनसुनको अवधि हो । किसानलाई रुझ्दैभिज्दै खेती गर्न अनुकूल हुने भएकाले यस अवधि खेतीपातीको लागि उत्तम मानिन्छ । 'असार महीनामा वर्षा शुरू, साउनमा मध्यम झरी, अनि भदौ १५ सम्म भदौरे भेल र भदौ अन्त्यदेखि वर्षाले विश्राम लिन्छ भन्ने मान्यता छ । उक्त मान्यता अनुसार अहिले त वर्षा शुरूको समय हो । साउने झरी र भदौको भेल अर्थात् भेलबाढी आउन बाँकी नै छ । यसपालि वर्षाको शुरूमा नै पर्सा जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा डुबान र कटान शुरू भएको छ । जिल्लाका कतिपय ग्रामीण क्षेत्र विगतका वर्षामा पनि डुबान हुने गरेको थियो । बितेको वर्षदेखि भने जिल्लामा डुबान क्षेत्र थप भएको छ । विगतमा डुबानरहित तर नदी कटानको समस्या भोग्दै आएको ठोरी क्षेत्र पछिल्लो दुई वर्षदेखि डुबानमा पर्न थाल्यो । यसपटक ठोरीको सयौं घर, गाउँ डुबानमा परिसकेका छन् ।**

**इतिहासमा कहिल्यै डुबान नभएको ठोरी क्षेत्र डुबानमा पर्नुको मुख्य कारण हुलाकी सडक हो । उत्तरबाट दक्षिणतर्फ पानी ढोलो रहेको उक्त क्षेत्रमा वर्षाको पानी पनि उत्तरबाट दक्षिणतर्फ नै बग्ने हो । यसरी बग्ने पानी खेतका गरा, पाटा एवं किनाराका सिंचाइ कुलोहरू हुँदै गन्तव्यतर्फ जाने गरेको थियो । कुनै कृत्रिम अवरोध नहुँदा जतिसुकै वर्षा भएपनि पानी जम्ने सम्भावना थिएन । हाल वीरगंज–ठोरी हुलाकी सडक पूर्व–दक्षिणबाट उत्तर–पश्चिमतर्फ लम्बाइ परेको छ । खेतको सतहभन्दा सडकको सतह पाँचदेखि दश फीटसम्म उच्च पारी निर्माण गरिएका छन् । यसरी बनेको सडकले वर्षाको पानीलाई उसको बाटोमा बग्न नदिई बाँधको काम गर्‍यो । फलस्वरूप सडकभन्दा उत्तरतर्फका क्षेत्रहरू अहिले पोखरीमा परिणत भएका छन् । यसले विभिन्न गाउँटोल जोखिममा पर्नुका साथै सयौं बिघा अन्न तथा तरकारी बाली डुबानमा परी नष्ट हुने क्रममा छ । प्रकृतिको गति जबरजस्ती अवरोध गर्दा विनाश निम्तिन्छ । यसर्थ नियन्त्रणभन्दा पनि उचित व्यवस्थापन एवं अनुकूल निकास दिनु बुद्धिमता हुन्छ । तर ठोरीको हुलाकी सडक निर्माणमा यसो गरिएको छैन ।**

**हुलाकी सडक निर्माण गर्दा पानी जम्ने सम्भावित स्थान र विगतदेखि चलिरहेका कुलो, नाला, खोल्सीहरू रहेका स्थानमा ससाना कल्भर्टहरू प्रशस्त निर्माण गर्नुपर्नेमा त्यसो हुन सकेन । जति कल्भर्ट बनाइएका छन, त्यो भिरालो सतहको क्षेत्रका लागि नभएर समथर भूभागमा निर्माण हुने कल्भर्टको ढाँचामा निर्माण गरिएका छन् । त्यो पनि प्राविधिकले ठहर गरेको स्थान वा स्थानीय अनुभवीहरूले ठहर गरेको आवश्यकता अनुसार भन्दा पनि भागबन्डाको आधारमा र झमेला गर्नुनपर्ने स्थान रोजेर निर्माण गरिएका छन । दूरी बढाएर राखिएका कल्भर्टहरूमा पानीको मुस्लो नै खस्ने हुँदा त्यसले जमीन कटान गर्ने र बिस्तारै खहरेको रूप लिने सङ्केत देखाएको छ । वर्षाको सुरुआतमा नै यो अवस्था छ भने साउने झरी र भदौरे भेलमा के होला ? सडक निर्माण कम्पनीको मात्रै दोष होइन । कल्भर्ट, नाला एवं स्ल्याप निर्माणको क्रममा खिचोला गर्दै अनुपयुक्त स्थानमा निर्माण गर्न दबाब दिने स्थानीय बासिन्दा र त्यसलाई स्वीकृत गर्ने प्राविधिकसमेत दोषी हुन् । अझै पनि सुधारको प्रयास गरे आउँदा वर्षहरूमा आइपर्ने सङ्कटबाट बच्न र बचाउन सम्भव छ ।**

# आर्थिक विकासको गति सुस्त हुनुको कारण र निवारण

अर्थविशेष



**विश्वराज अधिकारी**

akoutilya@gmail.com

**नेपालको आर्थिक विकासको गति सुस्त हुनुको प्रमुख कारण हाम्रो चेतनाको स्तर कमजोर हुनु हो । हामी ज्ञान (चेतना) को क्षेत्रमा निकै पछाडि छौं । हाम्रो चेतनाको स्तर निकै तल छ । चेतनाको कमी भनेको मिलेर बस्न सक्ने स्वभावको कमी हो । विकासप्रति कमजोर इच्छा–शक्ति हो ।**

नेपालको आर्थिक विकासको गतिले तीव्रता नलिनुका अनेक कारण छन् । कुनै एक कारणलाई प्रमुख मानेर नेपालको आर्थिक विकासको गति सुस्त हुन गएको भन्न सक्ने स्थिति छैन ।

नेपालको आर्थिक विकासको कुरा गर्दा सर्वप्रथम के प्रस्ट हुन जरूरी छ भने कुनै पनि राष्ट्र स्रोत र साधनको कमीले गर्दा गरीब हुँदैन । स्रोत र साधनको कमीले देश गरीब हुने भए इजराइल संसारको सबैभन्दा गरीब देश हुने थियो । स्रोत र साधनको प्रचुरताले देश धनी हुने भए अफ्रिकाका धेरै देश धनी हुने थिए । अफ्रिकी देशहरूमा अनेक स्रोत र साधन मात्र होइन, सुन र हीराका खानीसमेत छन् । घाना, साउथ अफ्रिका, सुडान, माली, बुर्किना फासो यस्ता अफ्रिकी देश हुन्, जहाँ ठूलो परिमाणमा सुन उत्पादन हुन्छ । धेरै सुन उत्पादन गर्ने प्रशस्त सम्भावना हुँदाहुँदै पनि सुडान, माली, घाना धनी राष्ट्र छैनन् । यसैगरी बोत्सवाना, अङ्गोला, नामिबियामा ठूलो परिमाणमा हीरा उत्पादन हुन्छ । यी राष्ट्रहरू पनि धनी छैनन् ।

सुडान र माली अफ्रिकाका यस्ता देश हुन्, जो राजनीतिकरूपमा अहिले पनि स्थिर हुन सकेका छैनन् । सुडानको त विभाजन नै भयो । एउटा सिङ्गो राष्ट्र टुक्रिएर दुई राष्ट्र बन्यो । इथियोपियाको पनि अवस्था सुखद छैन । निरन्तर गृह युद्धले गर्दा इथियोपियाका लाखौं नागरिक विदेशमा शरण लिन विवश छ । हालको एरिट्रिया भन्ने राष्ट्र इथियोपियाबाट नै छुट्टिएर बनेको हो ।

देश स्रोत र साधनको प्रचुरताले गर्दा मात्र धनी हुन नसक्ने उदाहरणको रूपमा इराक, इरान, साउदी अरेबिया आदिलाई पनि लिन सकिन्छ । यी राष्ट्रमा ठूलो परिमाणमा पेट्रोलियम पदार्थ उत्पादन भए तापनि विश्वका धनी राष्ट्रमा पर्दैनन् । इराक जहिले पनि राजनीतिकरूपमा अशान्त छ भने धार्मिक कट्टरताका कारण इरानले आफ्नो आर्थिक समृद्धि (पेट्रोलियम पदार्थ) को पूर्ण उपयोग गर्न सकेको छैन । धार्मिक कट्टरताले गर्दा नै इरानले आफूलाई विश्व समुदायबाट अलग राखेको छ । इरानको राष्ट्रिय राजनीतिमा निष्पक्ष र स्वतन्त्र निर्वाचित नेताहरूको होइन, धर्मगुरु अली खमेनेईको नियन्त्रण छ । खमेनेईले चाहेको व्यक्ति नै राष्ट्रपति निर्वाचित हुने गर्दछ । विश्व समुदायसँग इरानको सर्वोच्च धार्मिक प्रशासनले राम्रो सम्बन्ध बनाउन नसक्दा विश्वका धेरै राष्ट्रले इरानमाथि व्यापार प्रतिबन्ध लगाएका छन् । प्रगतिशील प्रशासनभन्दा धार्मिक प्रशासनको अभ्यासले गर्दा इरानको आर्थिक स्थिति झन्झन् (पहिले भन्दा) कमजोर हुँदै गएको छ ।

कुनै पनि राष्ट्रलाई आर्थिकरूपमा समृद्ध पार्ने मूल तत्त्व त्यहाँको नागरिकको चेतनाको स्तर, उदार स्वभाव हो । यसको बलियो उदहारण युरोपेली राष्ट्र र अफ्रिकी राष्ट्रहरूबीच तुलना गर्दा हुन्छ । चेतनाको स्तरको हिसाबले युरोपेली बासिन्दा अफ्रिकी बासिन्दाभन्दा निकै अगाडि छन् । अफ्रिका निरन्तर अशान्त छ, गृहयुद्धको चपेटामा छ भने युरोप तुलनात्मकरूपमा सदा शान्त छ । गृहयुद्धले गर्दा अफ्रिका छाडेर युरोपतिर लाग्नेहरूको सङ्ख्या ठूलो छ । युरोपका कतिपय देश, अफ्रिकीहरू शरणार्थीको रूपमा आफ्नो देशमा स्थायीरूपमा बसे भने आफ्नो देशलाई पनि अशान्त पार्छन् भन्दै शरण दिन नमानेका समाचारहरू हामीले सुनेकै हो । अस्ट्रियाले कुनै पनि शरणार्थीलाई शरण दिंदैनौं भन्दै आएको छ ।

अब नेपालको कुरा गरौं । नेपालको आर्थिक विकासको गति सुस्त हुनुको प्रमुख कारण हाम्रो चेतनाको स्तर कमजोर हुनु हो । हामी ज्ञान (चेतना) को क्षेत्रमा निकै पछाडि छौं । हाम्रो चेतनाको स्तर निकै तल छ ।

चेतनाको कमी भनेको मिलेर बस्न सक्ने स्वभावको कमी हो । विकासप्रति कमजोर इच्छा–शक्ति हो । रचनात्मक ऊर्जा केवल द्वन्द्व, षड्यन्त्र, गृहयुद्ध, सङ्घर्षजस्ता अनुत्पादक कार्यमा खर्च गर्नु हो । रचनात्मक कार्यमा कम, ध्वंसात्मक कार्य गर्न हामी निकै रमाउँछौं । कुनै बेला नेपालजस्तै आर्थिक स्थिति भएका देशहरू थाइल्यान्ड, सिङ्गापुर, मलेशिया निरन्तर आर्थिक विकासको पथमा लम्किरहेका छन्, हामी त्यसविपरीत राजनीतिक अस्थिरता सृजना गर्न र त्यसमा रमाउन व्यस्त छौं । हामी जुन बेला गृहयुद्ध (२०५२–२०६२) मा व्यस्त थियौं त्यो बेला थाइल्यान्ड, सिङ्गापुर, मलेशियालगायत एशियाली राष्ट्रहरू आफ्नो देशको आर्थिक विकास गर्न तल्लीन थिए । हामी मिलेर बस्नै सक्तैनौं । कुनै न कुनै मुद्दा उचालेर सङ्घर्ष गर्ने हाम्रो प्रकृति नै भइसकेको छ । देशको राजनीति अस्थिर पार्ने हाम्रो उद्देश्यजस्तै भइसकेको छ । हामी जहिले पनि विभाजित मनस्थितिमा रहन्छौं–कहिले राजनीतिकरूपमा त कहिले सामुदायिक रूपमा । मिलेर बस्न सकेका छैनौं ।

आर्थिक विकासका लागि जनतामा आर्थिक विकास गर्ने बलियो इच्छा–शक्ति हुनुपर्छ । मिलेर बस्ने प्रकृति र प्रवृत्ति हुनुपर्छ ।

नेपालको आर्थिक विकासका लागि सर्वप्रथम हामीले आफ्नो चेतनास्तर माथि उठाउनुपर्छ भन्ने मूल कुरा एकातिर पन्छाएर कुरा गर्ने हो भने नेपालमा आर्थिक विकास गर्नका लागि निम्न कुरामा तत्काल सुधार आवश्यक छ ।

**राजनीतिक अस्थिरताको समाप्तिः**

हाम्रो देशको आर्थिक विकासको प्रथम र बलियो शर्त राजनीतिक अस्थिरता हो । राजनीतिक स्थिरता नल्याएसम्म देशको आर्थिक विकास सम्भव छैन । राजनीतिक स्थिरता ल्याउन हामीले गर्नु पर्ने प्रमुख कार्य निष्पक्ष र स्वतन्त्र निर्वाचन द्वारा इमानदार एवं कर्मठ प्रतिनिधिहरूको चयन हो । यो वा त्यो राजनीतिक दलको व्यक्तिलाई होइन, इमानदार व्यक्तिलाई राजनीतिक नेतृत्व तहसम्म नपुर्‍याई नेपालमा राजनीतिक स्थिरता आउँदैन । देशको आर्थिक विकास हुन सक्तैन ।

**सस्तो ऊर्जा प्रयोगः**

आर्थिक विकासको गति तीव्र पार्न हाम्रो ऊर्जालाई सस्तो पार्नुको विकल्प छैन । अनेक विधि, प्रविधि एवं पद्धतिको खोजी र प्रयोग गरेर हामीले ऊर्जा सस्तो पार्नैपर्छ । ऊर्जा सस्तो भएमात्र उत्पादन लागत कम गर्न सकिन्छ । उत्पादन लागत कम भएर वस्तुको मूल्य कम भए मात्र स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुन सक्छ ।

**कृषिलाई मर्यादित पेशाको रूपमा प्रचार प्रसारः**

कृषि अहिलेसम्म पनि हामी कहाँ मर्यादित पेशा हुन सकेको छैन । कृषि पेशालाई मर्यादित पार्न बनाउन हामीले हाम्रो सोच, परम्परा एवं राष्ट्रिय शिक्षा नीतिमा परिवर्तन गर्नुपर्ने हुन्छ । एउटा कृषक र मन्त्रालयको कुनै एक सचिव मर्यादाको हिसाबले समान हुन् भन्ने सोचको विकास र त्यसको अभ्यास नथालेसम्म कृषि पेशा मर्यादित हुन सक्तैन । कुखुराको सुली, गाईको गोबर, बंगुरको खोर सोहोर्ने कृषक घुस्याहा मन्त्रीभन्दा महान् हो भन्ने सोच हामीले अनिवार्य कायम गर्नुपर्छ ।

**कृषि उत्पादनमा वृद्धिः**

खाद्यान्न, तरकारी, फलफूल आदिका लागि हामी भारतमाथि अति निर्भर छौं । यो अति निर्भरता कम पार्न हामीले कृषि उत्पादनमा वृद्धि गर्न आवश्यक छ । कृषि उत्पादनमा वृद्धि गर्नका लागि हामीले वर्तमान राष्ट्रिय कृषि नीतिमा व्यापक सुधार गर्न आवश्यक छ । कृषि नीतिमा व्यापक सुधार ल्याउन विज्ञहरूको सहयोग लिन स्थानीय, प्रान्तीय र सङ्घीय सकारले अब ढिलो गर्नुहुँदैन ।

**उद्योगको विकासः**

हामीले त्यस्ता उद्योगहरूको पहिचान र प्रयोग गर्नुपर्छ जसको प्रतिस्पर्धात्मक क्षमता उच्च होस् । अर्थात् त्यस्ता उद्योग प्रयोगमा ल्याउनुपर्छ जसमा उत्पादित वस्तुहरू राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा सजिलै बिक्री हुन सकोस् । उदाहरणका लागि मौलिक नेपाली सीप (कागजका वस्तु, काष्टकलाका सामग्री, मूर्तिहरू, तयारी पोशाक, धातुका मूर्तिहरू आदि) ले अन्तर्राष्ट्रिय बजारमा राम्रो प्रतिस्पर्धा गर्न सक्छ । ती वस्तु अन्तर्राष्ट्रिय बजारमा सजिलै बिक्री हुन सक्छ । विदेशमा बस्ने नेपालीहरूको सङ्ख्या बढ्दै गएको परिप्रेक्ष्यमा प्रवासी नेपालीहरूले पनि ठूलो परिमाणमा नेपाली वस्तु खरीद गर्न सक्ने सम्भावना छ । यो स्थितिलाई अवसरको रूपमा प्रयोग गर्नुपर्छ ।

**कृषि उत्पादन भण्डारणः**

मौसमी तरकारी, फलफूल, खाद्यान्नको हामीले राम्रो व्यवस्थापन गर्न सकेका छैनौं । उचित भण्डारण (शीत भण्डार वा ताप नियन्त्रित भण्डार) को अभावमा हामीले एउटा मौसममा उत्पादन गरेको वस्तु अर्को मौसममा सजिलै उपयोग गर्न सकेका छैनौं । यसैगरी एउटा स्थानमा उत्पादन भएको वस्तु अर्को ठाउँमा आवश्यक परेको बेला सस्तो मूल्यमा उपभोग गर्न पाएका छैनौं । उचित भण्डारण सुविधाद्वारा हामी यस्तो समस्या समाधान गर्न सक्छौं । उचित भण्डारणद्वारा उत्पादकहरूले आफ्ना उत्पादनको राम्रो मूल्य र उपभोक्ताहरूले सस्तोमा वस्तु खरीद गर्न पाउने वातावरण सृजना गर्न सकिन्छ ।

**उत्पादनमा उच्च प्रविधिको प्रयोगः**

आर्थिक विकास गर्नका लागि हामीले उत्पादनमा उच्च प्रविधि प्रयोग गर्न पनि आवश्यक छ । उच्च प्रविधिको प्रयोगबाट कम समयमा ठूलो परिमाणमा वस्तु उत्पादन गर्न सक्छौं । यस्तो गरेर श्रम लागत कम पार्न सक्छौं । वस्तुको बिक्री मूल्य कम पार्न सक्छौं ।

**मूल्य कम पार्ने विधिको निरन्तर खोजीः**

आर्थिक विकासको मूल मन्त्र हो– 'वस्तु वा सेवाको मूल्य कसरी कम पार्ने ?' यो मन्त्र बिक्रेता, वितरक, उत्पादक एवं सरकार समेतले जप्न आवश्यक छ । बिक्री गर्ने वस्तु एवं सेवाको मूल्य जति कम भयो वस्तु वा सेवा बिक्री हुने सम्भावना सोही अनुसार उच्च भएर जान्छ । त्यस कारण वस्तु वा सेवाको मूल्य कम पार्न मूल्य कम पार्ने विधि एवं तरीकाहरूको निरन्तर खोजी गर्नु आवश्यक छ । उत्पादन, वितरण र बिक्री लागत कम पारेर, सानो अंशमा मुनाफा लिएर, बिक्रीमा श्रमको कम प्रयोग गरेर वा यस्ता अनेक कार्य गरेर बिक्री हुने वस्तु एवं सेवाको मूल्य कम पार्न सकिन्छ । वस्तु एवं सेवाको मूल्य कम पारेर उपभोक्ताहरूको क्रयशक्ति समेत अभिवृद्धि गर्न सकिन्छ ।

# कुशवाहाद्वारा पुनः पदभार ग्रहण

प्रस, गरुडा, १७ असार/

रौतहटको कटहरिया नगरपालिकाका प्रमुख सियाराम कुशवाहाले बिहीवार पुनः पदभार ग्रहण गरेका छन् । एकै कार्यकालमा नगरप्रमुख कुशवाहाले तेस्रोपटक पदभार ग्रहण गरेका हुन् ।



कटहरिया नपाका प्रमुख साह ।
तस्वीरः प्रतीक

गत असार ११ मा निर्वाचन आयोगको पत्रले पदमुक्त भएका कुशवाहाले सर्वोच्च अदालतको अन्तरिम आदेशको पत्र प्राप्त भएपछि बिहीवार पुनः पदभार ग्रहण गरेका हुन् । सर्वोच्च अदालतको अन्तरिम आदेशबाट मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साहले बुधवार पदभार ग्रहण गरेकी हुन् ।

एकै कार्यकालमा कटहरिया नगरप्रमुख कुशवाहाले तेस्रोपटक पदभार ग्रहण गरेका हुन् । एकै कार्यकालमा तीनपटक पदभार ग्रहण गर्ने वर्तमान संरचनाका सम्भवतः पहिलो नगरप्रमुख कुशवाहा बन्न पुगेका छन् । यसअघि वीरगंजका काशीनाथ तिवारी हत्याकाण्डमा जेल गएपछि कुशवाहालाई सर्वोच्च अदालतले उक्त घटनामा सफाइ दिएको थियो ।

कटहरिया नगरपालिका गठन भएपछि भएको पहिलो निर्वाचनमा तत्कालीन नेकपा माओवादी केन्द्रबाट निर्वाचन लडेका कुशवाहालाई गत वैशाखमा माओवादी केन्द्रले कारबाही गरेको थियो । कुशवाहालाई दल त्याग गरेर अर्को दलमा प्रवेश गरेको भन्दै कारबाहीको पत्र निर्वाचन आयोगमा पठाएपछि गत असार ११ मा निर्वाचन आयोगले पद रिक्त भएको सूचना सार्वजनिक गरेको थियो ।

पहिलोचोटि निर्वाचित भएपछि पदभार ग्रहण गरेका कुशवाहालाई दुईपटक सर्वोच्च अदालतले पुनर्बहाली गरेको हो ।

# राहत वितरण

प्रस, सेढवा, १७ असार/

जीराभवानी गाउँपालिका–१ पिपरा टोलका बाढीपीडितलाई वडा कार्यालयले राहत वितरण गरेको छ ।

पिपराका १८ घरपरिवारलाई प्रति परिवार ३० किलो चामल, १ लिटर तेल, नून र सोयाबिन एक/एक किलो वितरण गरिएको थियो । वडाध्यक्ष शेखनुमान आजमले बाढीपीडितलाई सो राहत वितरण गरेका हुन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## क्यानडाको तापक्रम अहिलेसम्मकै उच्च, गर्मीबाट २३० जनाको मृत्यु

ओटावा, १७ असार/सिन्ह्वा

क्यानडामा अत्यधिक गर्मीका कारण पछिल्ला केही दिनमा आएको तातो हावामा परेर कम्तीमा २३० जनाको मृत्यु भएको छ।

क्यानडाका अधिकारीहरूले दिएको जानकारी अनुसार क्यानडाको तापक्रम अहिलेसम्मकै सबैभन्दा उच्च बिन्दुमा पुगेको छ। यस तापक्रमका कारण तातो हावा चलिरहेको बताइएको छ। यसै कारण ती नागरिकको मृत्यु भएको हो। यहाँका विभिन्न स्वास्थ्य समस्यासँग जुधिरहेका वृद्ध मानिसहरूलाई यो तातो हावाले बढी असर गरेको छ। मृत्यु हुनेमा धेरैजसो तिनै नागरिक परेका बताइएको छ।

क्यानडाको खासगरी ब्रिटिश कोलम्बिया प्रान्तका नागरिक बढी प्रभावित भएका छन्। जसका कारण यहाँका नागरिकमा विभिन्न स्वास्थ्य समस्या पनि देखिएको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरूले जानकारी दिएका छन्।

प्राप्त समाचार अनुसार मङ्गलवार मात्र क्यानडाको तापक्रम अधिकतम ४९.६ डिग्री सेल्सियस पुगेको थियो। यहाँ यो अहिलेसम्मकै उच्च तापक्रम भएको बताइएको छ। क्यानडाको तापक्रम बुधवार चौथो दिन पनि उच्च नै रहेको बताइएको छ। अमेरिकाको उत्तरपश्चिमी क्षेत्रमा पनि तापक्रम निकै बढेको छ। तातो हावाका कारण अमेरिकाका यी क्षेत्रमा पनि केही मानिसको ज्यान गएको बताइएको छ।

तातो हावाका कारण ब्रिटिश कोलम्बिया क्षेत्रमा जनजीवन नै प्रभावित भएको छ। ब्रिटिश कोलम्बिया प्रान्तको लिटन गाउँमा सबैभन्दा धेरै तापक्रम देखिएको छ। उक्त गाउँका स्थानीयहरूका अनुसार अहिले सो गाउँबाट मानिसहरू बाहिर निस्किन सक्ने अवस्था देखिएको छैन।

क्यानडाको भ्यानकुभरमा मात्रै गत शुक्रवार यता ६५ जनाको मृत्यु भएको बताइएको छ। यसरी मृत्यु हुनुमा अत्यधिक गर्मी नै प्रमुख कारण रहेको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीको भनाइ छ। रासस

## गाँजाकाण्डमा प्रसनि जिल्ला तानिए

प्रस, निजगढ, १७ असार/

असार १ गते लागूऔषध गाँजा तस्करसँग ७ लाख रकम बार्गेनिङ गर्ने रतनपुर अस्थायी प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक शम्भुप्रसाद यादवलाई जिल्ला प्रहरी कार्यालय कलैया बाराले तानेको छ।

रतनपुर जङ्गलमा अटोबाट ६० किलो ५० हजार दिने शर्तमा कुरा मिलेपछि तत्कालै आधा घण्टापछि आफू र भुलनलाई छाडिदिएको बताएका थिए।

सो घटना बाहिर आएसँगै प्रहरीले



प्रहरीले बरामद गरेको गाँजा, मोटरसाइकल र अटो तथा प्रसनि यादव। तस्वीरः प्रतीक

गाँजा बरामद भएको घटनामा मोटरसाइकलबाट अटोको स्कर्टिङ गर्दै आएका निजगढ नगरपालिका-१२ का ३२ वर्षीय दिनेश भनिने इन्द्रबहादुर भुलन र सोही ठाउँका ३५ वर्षीय सोमबहादुर थिङलाई रतनपुर अस्थायी प्रहरी चौकीका इन्चार्ज यादवको टोलीले पक्राउ गरेको र उनीहरूसँग लेनदेनको विषयमा बार्गेनिङ मिलेपछि छोडिएको घटनामा प्रसनि यादवलाई जिप्रका बारामा बुधवार तानिएको छ।

बार्गेनिङमा छाडिएका थिङले प्रसनि यादवले आफूलाई हत्कडी लगाइ ७ लाख रकम बार्गेनिङ गरेको र पछि २ लाख

घटनामा संलग्नहरूलाई खोजी गरिरहेको छ, तर हालसम्म उनीहरू पक्राउ परेका छैनन्।

इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक शङ्कर चौधरीले भुलनलाई समात्ने प्रयास भइरहेको बताए। भुलनले घटनाको दिन प्रयोग गरेको प्रदेश २-०३-००८ प २६७३ नम्बरको मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ।


### कुशवाहा मोटर्स

वीरगंज-१४, पर्सा

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP)

यस फर्म कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्नबमोजिम भएको बेहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडेल | क्षमता | उत्पादित मुलुक | एकाइ | प्रतिएकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | E-Cargo Loader with charger | Three wheeler | KM POWER | KTLQ | 1+800 | China | 1 Pcs | 2,38,455.39 | 2,38,455.39 | |

विक्रेता फर्म नामः कुशवाहा मोटर्स, ठेगानाः वीरगंज-१४, पर्सा, पान नं. 605202391, एक्जिम कोड - 6052023910128NP, Mobile No. 9801082474


### आजको राशिफल

| | |
|---|---|
| मेष — प्रगति | वृष — वादविवाद |
| मिथुन — यात्रालाभ | कर्कट — कडापरिश्रम |
| सिंह — ज्ञानोदय | कन्या — उदरपीडा |
| तुला — विजय | वृश्चिक — धनलाभ |
| धनु — भाग्योदय | मकर — बेचैनी |
| कुम्भ — मनोरञ्जन | मीन — कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### वर्गीकृत विज्ञापन






## बिहीवार चारजना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, १७ असार/

नारायणी अस्पताल पिसिआर प्रयोगशालाले बिहीवार साँझ चारजना सङ्क्रमित पुष्टि गरेको छ।

८६ जनाको स्वाब परीक्षण गर्दा पर्सा, बारा, रौतहट र सर्लाहीका एक/एक जना गरी चारजना सङ्क्रमित पुष्टि भएको अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले बताए।

सङ्क्रमित दुईजना महिला र दुईजना पुरुष रहेको र उनीहरूको सिटी भ्यालू १८ देखि ३३ रहेको डा सिंहले बताए।

### निजगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

निजगढ, बारा

प्रदेश नं. २, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

**(प्रथमपटक प्रकाशित मितिः २०७८।०३।१८ गते)**

यस नगरपालिकाको निर्णय अनुसार यस कार्यालयबाट आव २०७८।७९ का लागि निम्न अनुसारको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित शर्तहरू पालना गर्नेगरी इच्छुक व्यक्ति वा फर्म वा कम्पनीहरूबाट सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सो कार्यहरूका लागि सिलबन्दी दरभाउपत्र आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. व्यक्तिले सिलबन्दी दरभाउपत्र फाराम खरीद गर्न नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्नेछ। अन्य फर्म, सङ्घसंस्था, कम्पनीले अद्यावधिक गरेको फर्म दर्ता प्रमाणपत्र, आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र आव २०७६।७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्नेछ।

२. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउपत्र फाराम दस्तुरबापत रु १०००।- (फिर्ता नहुनेगरी) तिरी यस कार्यालयबाट कार्यालय समयमा खरीद गरी १६औं दिनको मध्याह्न १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

३. रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू सोही दिन अपराह्न ४:०० बजे यस कार्यालयमा कार्यालय प्रतिनिधि, सम्बन्धित दरभाउपत्रदाताको प्रतिनिधिको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पुग्नेछैन।

४. दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा धरौटीबापतको रकमको हकमा नेपाली नागरिक भए कबोल गरेको अङ्कको ५ प्रतिशतले हुन आउने रकम वा विदेशी नागरिक भए कबोल अङ्कको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको कृषि विकास बैंक, निजगढस्थित धरौटी खाता नं ०५०७६००६७६०५००२६ मा नगदै दाखिला गरी वा वाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेन्टी (बिडबन्ड) साथ संलग्न राखी पेश गर्नुपर्नेछ।

५. ठेक्का स्वीकृत भएपछि ठेकेदारले आफूले कबोल गरेको रकम एकमुस्ट अग्रिमरूपमा बुझाएमा १० (दश) प्रतिशत सहुलियतबापत छुट दिइनेछ।

६. ठेक्का स्वीकृत भएपछि ठेकेदार वा ठेकेदार कम्पनीले सम्झौता गर्नुअघि आफूले कबोल गरेको अङ्कको १३ प्रतिशत मूल्य अभिवृद्धि कर (VAT) रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी सोको प्रमाणित प्रतिलिपि यस कार्यालयमा पेश गर्नुपर्नेछ।

७. सिलबन्दी दरभाउपत्र फाराममा दरभाउपत्रदाताले तोकेको न्यूनतम अङ्कभन्दा कम कबोल गर्न पाउनेछैन। दरभाउपत्रदाताले दरभाउपत्र फाराममा कबोल गरेको रकम अङ्क र अक्षरमा समेत स्पष्ट लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

८. ठेक्का स्वीकृत भएपछि प्रचलित कानूनबमोजिम बुझाउनुपर्ने करहरू ठेकेदार स्वयंले बुझाउनुपर्नेछ।

९. कानूनले निषेध गरेका वस्तु वा सामानमा कर लिन पाइनेछैन। साथै, नगरपालिकाले विकास निर्माण कार्यमा प्रयोग गर्ने वस्तुमा कुनै किसिमको कर, दस्तूर लिन पाइनेछैन र सोबापत कुनै माफी मिनहाको दाबी गर्नसमेत पाइनेछैन।

१०. बन्द, हडताललगायत नगरवासीहरूले ठेक्का चलन गर्न नदिएको जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षतिपूर्ति पुग्न गएमा ठेकेदार स्वयं जिम्मेवार हुनुपर्नेछ। सोबापतको कुनै क्षतिपूर्ति मागदाबी गर्न पाउनेछैन।

११. दरभाउपत्र फाराम खरीद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरू क्रमशः सो पछि कार्यालय खुलेको दिन दरभाउपत्र फाराम खरीद तथा तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३. ठेक्का लिने पक्षले प्रचलित कानून बमोजिम तथा दरभाउपत्र फाराम संलग्न शर्तहरू एवं सम्झौताका शर्तहरू पूर्णरूपमा पालना गर्नुपर्नेछ। कार्यालयलाई क्षति पुग्ने कार्य गरेमा सोको क्षतिपूर्ति ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१४. सम्बन्धित कर तथा शुल्कका दरहरू दरभाउपत्र फाराम साथ ठेकेदारलाई उपलव्ध गराइनेछ। साथै, यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

१५. ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०७९ असार मसान्तसम्म कायम रहनेछ।

१६. यससँग सम्बन्धित अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयको खरीद एकाइ वा राजस्व उपशाखामा सम्पर्क राखी बुझ्न सकिनेछ।

१७. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

| ठेक्का नम्बर | ठेक्काको प्रकार | कार्य क्षेत्र | न्यूनतम अङ्क |
|---|---|---|---|
| NM/NH/077/078 | निजगढ हाटबजार | निजगढ बजार क्षेत्र | १७,०१,९००।- |
| NM/BHS/077/078 | भरतगंज सिंगौल हाटबजार | सिगौंल बजार क्षेत्र | ४००,००५।- |
| NM/RH/077/078 | रतनपुर हाटबजार | रतनपुर बजार क्षेत्र | ४५१,०००।- |
| NM/WM/077/078 | फोहोरमैला व्यवस्थापन शुल्क | निजगढ क्षेत्रबाट बिक्री वितरण भएका चौपायाहरू। | ७११,०००।- |

प्रदेश नं. २

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

### घरेलु तथा साना उद्योग कार्यालय

गौर, रौतहट (नेपाल)

### क्याटलग/ब्रोसर सपिङ विधिबाट सवारीसाधन खरीदसम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना

***प्रथमपटक प्रकाशित मिति २०७८।०३।१८ गते***

यस कार्यालयको आव २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारीसाधन सार्वजनिक खरीद ऐन २०६३, (पहिलो संशोधनसहित)को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरीद नियमावली २०६४ (चौथो संशोधन)को नियम ३१ (ख) बमोजिम क्याटलग सपिङ विधिबाट खरीद गर्नुपर्ने भएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख)को उपनियम २ अनुसार देहाय बमोजिमको सवारीसाधनको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात क्याटलग/ब्रोसर संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. यस कार्यालयबाट स्वीकृत सवारीसाधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निश्शुल्क प्राप्त गर्न सकिनेछ।

२. उक्त कागजात लिनका लागि इच्छुक सवारीसाधन उत्पादक कम्पनी वा सोको नेपालका लागि आधिकारिक विक्रेताले उक्त सवारीसाधन बिक्री वितरण गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सोको अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०७६।७७ सम्मको करचुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारीसाधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्रसहितका कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात)औं दिन १२:०० बजेसम्म यस कार्यालयमा उपस्थित हुनुपर्नेछ।

३. यो सूचना प्रकाशित भएको मितिले ७ (सात)औं दिन १२:०० बजेसम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरू सोही दिन १४:०० बजे खोलिनेछन्।

४. साथै सूचीकृत नभएका उत्पादन वा आधिकारिक विक्रेता कम्पनीहरूले सूचीकृत गराइ उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने बेहोरासमेत जानकारी गराइन्छ।

५. पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।

६. सवारीसाधन आर्थिक वर्ष समाप्त हुनअगावै उपलब्ध गराउनुपर्नेछ।

७. सिलबन्दी प्रस्ताव स्वीकृत/अस्वीकृत वा स्थगित गर्नेलगायत अन्य सबै कुराको अधिकार कार्यालयमा निहित रहनेछ।

| सि.नं. | सवारीसाधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | चार पाङ्ग्रे डबल क्याब पिकअप- १ (एक) थान **4 Wheel** | Water Cooled diesel Engine, 4 cylinder displacement of Engine not less than 2200 cc developing rate Power Output not less than 90 kw and Torque not less than 270 N-m with all necessary accessories, power Window, power streeing, HVAC, ABS, Dual Air Bag, Audio system, Steel Heavy duty structure chassis, Minimum 1 year warranty after acceptance, To include Speedometer, Odometer, Temperature, Fuel gauges, Signal for 4WD. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत **Technical Specification** बमोजिम हुनेछ। |

# निजगढ नगरपालिकाको असारे कामको असर

प्रस, निजगढ, १७ असार/

निजगढ नगरपालिकाको असारे कामको असर अहिले निजगढ भ्यू टावर लगाइएको पर्खाल अहिले भत्किएको छ। शहीद हीरालाल पार्क विकास समितिले छिटो काम सक्ने र असारे भुक्तानी



भ्युटावरको भत्किएको पर्खाल। तस्वीरः जीतलाल श्रेष्ठ

क्षेत्रमा देखिएको छ। वडा नं ४ बागदेवस्थित निजगढ भ्यू टावर पहिरोको उच्च जोखिममा परेसँगै निजगढ नगरपालिकाको १० लाख रुपैयाँको लागतमा अन्य निर्माण कार्यसँगै लिने हतारोका कारण यसको असर तुरुन्तै देखिएको हो।

निजगढ नगरपालिकाबाट पहिरो रोकथामका लागि १० लाख रकम विनियोजन भएको छ। करीब २ लाख रकमबराबरको पर्खाल क्षतिग्रस्त भएको छ। प्राविधिकको सल्लाह अनुसार आफूहरूले काम गरेको शहीद हीरालाल पार्क विकास समिति निजगढ–४ बाराका अध्यक्ष रमेश अर्यालले बताए। "हामीले प्राविधिकले दिएका इस्टिमेट अनुसार गुणस्तरीय काम गरेका छौं। थोरै रकमबाट यहाँको पहिरो रोकथाम गर्न सकिने अवस्था पनि छैन," अध्यक्ष अर्यालले भने।

कतिखेर काम शुरू गर्छन्। हामीलाई थाहा दिंदैनन्। समितिको नाउँमा जथाभावी आफ्नै ढङ्गले काम गर्ने अनि काम बिग्रिए, भत्किए सोझै प्राविधिकमाथि दोष थुपारेर समितिले उम्कने दाउ रचेको निजगढ नपाका प्राविधिक रोशन साहले बताए। खुकुलो खालको माटोसहितको ढुवानी खर्च इस्टिमेटमा रहे पनि भ्यू टावरनजीकैको चुरे पहाड काटेर माटो फिलिङ गरिएको छ।

प्राविधिकले तयार पारिदिएको लागत इस्टिमेट अनुसार काम र सुझाव नमान्दा यस्तो समस्या आएको निजगढ नगरपालिकाका इन्जिनीयर रूपेश यादवको पनि भनाइ छ। यसरी सिमेन्ट प्रयोग गरी निर्माण गरिएका पर्खाल राम्रोसँग सुक्न नदिई जरबजस्ती माटो भर्दा पर्खाल भत्किएको उनले भने।

गत वर्ष पनि यसरी नै पहिरो रोकथामका लागि निर्माण गरिएको पर्खाल भत्किएको थियो। चार वर्षअघि करीब रु ५६ लाखको लागतमा नगर विकास कोषको लगानीमा निजगढ भ्यू टावर निर्माण सम्पन्न भएको हो। यस वर्ष सो पार्कमा थप कार्य गर्नका साथै सौन्दर्यीकरण गर्न सङ्घीय सरकारबाट ५५ लाख, प्रदेश सरकारबाट ५ लाख र निजगढ नगरपालिकाबाट १० लाख गरी कुल रु ७० लाख रकम प्राप्त भएको छ। अहिलेसम्म १ करोडभन्दा बढी रकम खर्च भएपनि पार्कले खासै गति लिन सकेको छैन।

शहीद हीरालाल गौतमको नाममा आएका रकमको सही सदुपयोग हुनुपर्ने शहीदपत्नी गायत्री गौतमले बताइन्। उनले आफूलाई कुनै जानकारीसमेत नदिने गरेको बताइन्।

पार्क विकास समितिकी कोषाध्यक्ष रहेकी गौतम नगरपालिकामा करारमा नियुक्त भएपछि सो पदबाट हटाइएको छ। तर करार कर्मचारी भएकै कारण समितिबाट हटाउनु न्यायोचित नभएको उनको तर्क छ।

# अनाथालय संस्थापक जायसवाल सम्मानित

प्रस, गरुडा, १७ असार/

रौतहटको गरुडामा रहेको वंशीराम जायसवाल अनाथालयका संस्थापक वंशीराम जायसवाललाई एक समारोहबीच सम्मानित गरिएको छ। जानकारी गराएका छन्।



तस्वीरः सञ्जय मित्र

अनाथालयका संस्थापक जायसवाललाई सम्मानित गर्दै वक्ताहरूले अनाथालयको वर्तमान अवस्था, संस्थापक वंशीराम जायसवालको व्यक्तित्व तथा कृतित्वबारे प्रकाश पारेका थिए। विसं १९९१ मा जन्मेका जायसवालले आफ्नो निजी सम्पत्ति लगानी गरी आफ्नै जग्गामा २०५२ सालमा अनाथालय सञ्चालन गरेको र अहिले विभिन्न दाताहरूले गर्दा अनाथालयका बालबालिकाको भरणपोषण भइरहेको छ।

लायन्स क्लब अफ चन्द्रनिगाहपुरले गरुडास्थित गायत्री शक्तिपीठमा आयोजित कार्यक्रममा दोसल्ला ओढाएर फूलको माला पहिर्‍याउँदै सम्मानपत्रले सम्मानित गरेको हो।

क्लबको बिहीवारदेखि नै सम्हालेको नयाँ नेतृत्वले कार्याधिकार पाएको पहिलो दिन अनाथ बालबालिकालाई दश बोरा चामल, दश किलो दाल, एक बोरा नून, एक कार्टुन खानेतेल तथा अनाथालयमा रहेका ३२ जना बालबालिकालाई ब्रश, पेस्टलगायतका सामग्री प्रदान गरिएको आयोजकका तर्फबाट दीपक रेग्मीले

क्लब अध्यक्ष नारायण न्यौपानेको अध्यक्षता तथा पूर्वअध्यक्ष वासु अधिकारीको सञ्चालनमा भएको कार्यक्रममा करीब एक दर्जन वक्ताले अनाथालयको आवश्यकता र सहयोग गर्नुपर्ने विषयमा मन्तव्य राखेका थिए।

# नारायणी अस्पताललाई अक्सिजन कन्सेन्ट्रेटर सहयोग

प्रस, वीरगंज, १७ असार/

एक्सपर्ट एजुकेशन एन्ड भिसा सर्भिसेज प्रालिले एक्सपर्ट फाउन्डेशनको सहयोगमा नारायणी अस्पताल वीरगंजलाई १० लिटर मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानलाई सो सामग्री हस्तान्तरण गरे। उक्त अवसरमा मेसु प्रधानले अक्सिजन कन्सेन्ट्रेटरले बिरामीको उपचारमा सहयोग पुर्‍याउने भन्दै



अक्सिजन कन्सेन्ट्रेटर हस्तान्तरण गर्दै। तस्वीरः सौजन्य

क्षमताको एक थान अक्सिजन कन्सेन्ट्रेटर सहयोग गरेको छ। एक्सपर्ट एजुकेशन एन्ड भिसा सर्भिसेज प्रालि वीरगंजका प्रबन्धक दीपक महर्जनले अस्पतालका संस्थालाई धन्यवाद दिए।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय परिषद् सदस्य विजय कुशवाहालगायतको सहभागिता थियो।

# मेघगर्जन र चट्याङसहित भारी वर्षा

काठमाडौं, १७ असार/रासस

देशभर हाल मनसुनी वायुको सक्रिय प्रभाव तथा तराई भूभागनजीक मनसुनी न्यूनचापीय रेखा रहेकोले देशभर सामान्यदेखि पूर्ण बदली रहनुका साथै अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार बिहीवार प्रदेश नं १, प्रदेश नं २, वाग्मती र गण्डकी प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको थियो। यी प्रदेशका एक/दुई स्थानमा मेघ गर्जन र चटचाङसहित भारी वर्षा भएको थियो। बाँकी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा भएको थियो। काठमाडौं उपत्यकामा गएरातिदेखि नै निरन्तर हल्का वर्षा भइरहेको छ। उपत्यकाको आकाश बदलीपूर्ण छ।

भोलि शुक्रवार देशभर सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, प्रदेश नं २, वाग्मती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, प्रदेश नं २, वाग्मती प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जन र चटचाङसहित भारी/थोरै भारी वर्षाको सम्भावना रहेको छ।

# बारामा आत्महत्याका घटना बढ्दै

नितेश कर्ण, वीरगंज, १७ असार/

बारा जिल्लामा निषेधाज्ञा अवधिमा ९ वटा विषसेवनको मुद्दा दर्ता भएको छ। जिल्ला प्रहरी कार्यालय, बाराका मुद्दा शाखाका प्रमुख प्रहरी निरीक्षक सुरेन्द्र यादवले तीनजना महिला र छजना बालबालिकाले विषसेवन गरेको बताए।

यसैगरी, यो अवधिमा एकजना महिला र दुईजना बालकको कर्तव्य ज्यान मुद्दा दर्ता भएको छ। जबरजस्ती करणीका ११, बहुविवाहका २ वटा मुद्दा दर्ता भएको प्रनि यादवले बताए। वैशाखमा महिलाविरुद्ध घरेलु हिंसाका ५९ वटा मुद्दा दर्ता भएको छ भने महिलाविरुद्धको सामाजिक हिंसा ४६ वटा मुद्दा दर्ता भएको छ। वैशाखमा दर्ता भएको महिला हिंसाविरुद्धको १०५ वटा मुद्दामा ५४ वटा मुद्दा मिलापत्रमा टुङ्गिएको र बाँकी मुद्दा अनुसन्धानको क्रममा रहेको उनले बताए।

यसैगरी, जेठमा घरेलु तथा सामाजिक महिला हिंसाका ११२ वटा मुद्दा दर्ता रहेको र सोमध्ये ४१ वटा मुद्दा दर्ता भएको र बाँकी मुद्दा अनुसन्धानको क्रममा रहेको उनले जानकारी गराए।

# बेपत्ता बालकको शव भेटियो

प्रस, पोखरिया, १७ असार/

पोखरिया नगरपालिका–९ रानीगंजका १५ वर्षीय राजु महतो बजेदेखि भूताहा खोलामा डुबेर बेपत्ता भएका थिए। सशस्त्र प्रहरीको विपद् तालीम केन्द्र कुरिनटारका गोताखोरहरू



बेपत्ता बालकको खोजीकार्यमा खटेका गोताखोरहरू। तस्वीरः प्रतीक

परिचालित गरिएको र आज घटनास्थलदेखि डेढ किलोमिटर दक्षिणमा तत्वाको शव बरामद भएको सप्रनाउ बस्नेतले बताए।

मलामी गएका तत्वा मङ्गलवार १२ तत्वाको शव बिहीवार अपराह्न ४:२५ बजे फेला परेको सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले बताए।

# लायन्स दिवसको अवसरमा खाजा वितरण

प्रस, वीरगंज, १७ असार/

अल लायन्स क्लब वीरगंजले अन्तर्राष्ट्रिय लायन्स दिवसको अवसरमा बिहीवार वीरगंजका चार स्थानमा खाजा खुवाएको लायन्स क्लब अफ वीरगंज मिलेनियमका अध्यक्ष सुमन श्रेष्ठले बताए।

नारायणी अस्पताल वीरगंजमा बिरामी र कुरुवालाई खाजा खुवाइएको थियो।

यसैगरी, छपकैयास्थित यतीमखानामा आश्रित ४० जना बालकलाई खाजा खुवाइएको थियो। त्यस्तै, आदर्शनगरस्थित आमाको माया छात्रावास र श्रीपुरस्थित मानव सेवा आश्रममा दिवा खाजा खुवाइएको अध्यक्ष श्रेष्ठले बताए। कार्यक्रममा लायन्सका सुधा कार्की, विजय कुशवाहा, आसमा सिंह यादव, भगवती सिग्देललगायतको सहभागिता थियो।



तस्वीरः प्रतीक


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।*
*जति नैं बिन्ती गरुन् झुकेर पाउमा त्यो बिन्ती मान्दैन त्यो॥*

**हार्दिक आभार**



जन्मः वि.सं. १९९०

स्वर्गारोहण २०७८/०३/०६

स्व. पद्मकुमारी कार्की

यस बिस्को लिमिटेडका अध्यक्ष श्री डिल्लीविक्रम कार्कीज्यूकी **आमा पद्मकुमारी कार्की** मिति २०७८ असार ६ गतेका दिन श्री परमेश्वरमा लीन हुनुभएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं। यस दुःखद घडीमा समवेदना प्रकट गर्नुहुने सदस्य महानुभावहरू तथा शुभचिन्तकहरूमा यस बिस्को लिमिटेडले हार्दिक आभार व्यक्त गर्दछ।

**वीरगंज बचत तथा ऋण सहकारी संस्था लि. (बिस्को), वीरगंज**

वर्षात्को समयमा अधिक वर्षाको कारण डुबान तथा पानीजन्य प्रकोपको सम्भावनाहरू बढी हुन सक्छ; त्यसैले

- डुबान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालू अवस्थामा राखौं।
- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरूमा पूर्व सूचनाप्रणालीको व्यवस्था गरौं।
- बाढी तथा पानीको बहाव बढेको सुसूचित गराउन साइरन जडान, एसएमएस, एफएममा सूचना दिने जस्ता विकल्पहरू तयारी अवस्थामा राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग